जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १३५ २०७८ साल पुस ९ गते शुक्रबार (24 Dec. 2021 Friday) मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

आत्महत्या समस्याको समाधान होइन, अमुल्य जीवन त्यसै खेर नफालौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : पाँच महिनामा वैदेशिक.. ३ पृष्ठमा : आयात प्रतिस्थापन र निर्यात ... ३ पृष्ठमा स्वास्थ्य राम्रै रहे अर्को पटक पनि.

# प्रदेश २ को नाम मधेस, जानकी, मध्यमधेश र मिथिला भोजपुरा प्रदेश पेस

**दैनिक समाचारदाता**
**जनकपुरधाम, ८ पुस ।**

प्रदेश २ को नाम मधेस प्रदेश, जानकी प्रदेश, मध्यमधेश प्रदेश र मिथिला भोजपुरा प्रदेश पेस भएको छ । बिहीबार बसेको प्रदेशसभाको आठौं अधिवेशनको दोश्रो बैठकमा ती नामहरु पेस भएको हो ।

सत्तारुढ मध्येका जसपा र माओवादी तथा प्रमुख प्रतिपक्षी लोसपा नेपाल मधेस प्रदेशको पक्षमा छन भने काँग्रेस मिथिला भोजपुरा प्रदेशको पक्षमा छ । प्रमुख प्रतिपक्षी लोकतान्त्रिक समाजवादी पार्टी नेपालले सत्तारुढ जसपा र माओवादी केन्द्रले ल्याएको मधेस प्रदेशको नाममा समर्थन गरेको छ ।

त्यस्तै काँग्रेसकै एक जना प्रदेशसभा सदस्यले मध्य मधेस प्रदेश र नेकपा एमालेले जानकी प्रदेश नाम राख्न प्रस्ताव पेस गरेका छन् । अर्को सत्तारुढ नेकपा एकीकृत समाजवादी पार्टीले जानकी प्रदेश नाम राख्न प्रस्ताव पेस गरेको छ ।

जसपाको तर्फबाट शैलेन्द्रकुमार यादव, माओवादी केन्द्रको तर्फबाट भरतप्रसाद साह, नेकपा एकीकृत समाजवादीको तर्फबाट प्रमोद कुमार यादव, काँग्रेसको तर्फबाट शिवचन्द्र चौधरीले प्रदेशको नामसम्बन्धी प्रस्ताव पेस गरेका हुन भने काँग्रेसकै राजेश्वर प्रसाद साहले मध्यमधेश प्रदेश नाम प्रस्ताव पेस गरे ।

प्रदेशसभा बैठकमा धेरैजसो प्रदेशसभा सदस्यले प्रदेशको स्थायी राजधानी जनकपुर नै हुनुपर्ने बताएका छन भने केहीले वीरगंजलाई राजधानी बनाउन माग गरेका छन् ।

# स्थानीय तहका कर्मचारीहरुको सरुवा स्थगित

**दैनिक समाचारदाता**
**राजविराज, ८ पुस ।**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आगामी निर्वाचनलाई ध्यानमा राख्दै स्थानीय तहका कर्मचारीहरुको सरुवा स्थगित गरेको छ ।

आसन्न निर्वाचनका लागि कर्मचारीहरुको भूमिका झन बढ्ने भएकाले कर्मचारीहरुको सरुवा रोकिएको हो । मन्त्रालयका एक जना अधिकारीका अनुसार पछि फेरि उपयुक्त समयमा अन्तर स्थानीय तहमा सरुवा गर्ने गरी अहिलेलाई सरुवाको काम स्थगित गरिएको हो ।

संघले स्थानीय तहमा पठाएका प्रमुख प्रशासकीय अधिकृत, इन्जिनियर लगायतका कर्मचारीहरुको सरुवा भने रोका गरिएको छ । मन्त्रालयले जारी गरेको सूचनामा लोक सेवा आयोगबाट स्थानीय तहमा सिफारिस भई स्थानीय नियुक्त भएका कर्मचारीहरुलाई कामकाजमा खटाउने सम्बन्धि कार्य अर्को व्यवस्था नभएसम्मका लागि स्थगित गरिएको उल्लेख छ ।

यसअघि मन्त्रालयले आवश्यक र प्राथमिकताका आधारमा अर्को व्यवस्था नभएसम्मका लागि स्थायी नियुक्त कर्मचारीहरुलाई कामकाजमा खटाउँदै आएको थियो ।

# मतदान सुरु हुनु पाँच मिनेट अगाडी उम्मेदवारी फिर्ताको घोषणा

**दैनिक समाचारदाता**
**राजविराज, ८ पुस ।**

नेपाली काँग्रेस प्रदेश २ कार्यसमितिको मतदान सुरु हुनु पाँच मिनेट अगाडी एक उम्मेदवारले उम्मेदवारी फिर्ताको घोषणा गरेका छन् ।

प्रदेश २ कार्यसमितिको निर्वाचनमा खुल्ला तर्फको सदस्य पदका उम्मेदवार प्रभातकुमार ललनले आफ्नो उम्मेदवारी फिर्ता लिएको घोषणा गरेका हुन् ।

सप्तरी काँग्रेसको प्रवक्ता समेत रहेका उनले बिहीबार बिहान ९ बजेर २५ मिनेटमा निर्वाचन अधिकारीलाई एक पत्रमार्फत आफ्नो मनोनयन पत्र र उम्मेदवारी फिर्ताको जानकारी गराए पनि मनोनयन पत्र फिर्ता लिने समयअवधी सकिएको, मतपत्र छापिसकिएकोले उक्त पत्र उपर केही गर्न नसकिने निर्वाचन अधिकारीले जवाफ दिएका थिए ।

देउवा पक्ष मानिएका उनी पार्टीका केन्द्रिय नेताहरुको निर्देशनमा उम्मेदवारी फिर्ता लिएको प्रतिक्रिया दिएका छन् । उनले बिहीबारै एक प्रेस विज्ञप्तिमार्फत समेत आफू उम्मेदवार नरहेकाले मतदातालाई मत खेर नफाल्न आग्रह गरेका छन् ।

सहकारी ऐन २०४८ अन्तर्गत स्थापित
सहकारी बिभाग दर्ता न.१२०१०५/४५८
स्था. २०५७

**जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
**राजविराज–४,सप्तरी**

मितिः २०७८/०९/०९

## सुचना !

**बिषय :- वार्षिक साधारण सभामा सहभागी हुने वारे ।**

उपरोक्त सम्बन्धमा यस संस्थाको संचालक समितिको निर्णयानुसार संस्थाको २०औं बार्षिक साधारण सभा निम्न उल्लेखित विषयहरु उपर छलफल गर्नका लागी देहायको मिति, समय र स्थानमा बस्ने भएकोले यस संस्थाको सम्पुर्ण शेयर सदस्यहरुलाई उक्त साधारण सभामा अनिवार्य उपस्थिति भईदिनुहुनका लागि अनुरोध छ ।

**साधारण सभामा छलफलका विषयहरु :**

१. संचालक समितिको तर्फ वाट संस्थाका अध्यक्ष ज्यू द्वारा प्रस्तुत प्रतिवेदन सम्बन्धमा ,
२. लेखा समितिको प्रतिवेदन सम्बन्धमा ,
३. आ.व. ०७७/०७८ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा,
४. आ.व. ०७७/०७८ मा संचालक समिति, लेखा समिती तथा ऋण उप समिति द्वारा गरिएको निर्णयहरु को अनुमोदन सम्बन्धमा,
५. आ.व ०७८/०७९ को प्रस्तावित बजेट तथा कार्यक्रम स्वीकृती गर्ने सम्बन्धमा ,
६. लाभांश वितरण सम्बन्धमा ,
७. आ.व. ०७८/०७९ को लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ,
८. साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधि छनौट सम्बन्धमा ,
९. संस्थाको विनियम संशोधन,नियमावलीहरु तथा आन्तरिक कार्यविधिहरु सम्बन्धमा ,
१०. कार्यसुचीमा थप भएका प्रस्ताव सम्बन्धमा ।
११. विविध ।

**साधारण सभा बैठकको कार्यक्रम**

मिति – २०७८/९/२४ गते ( शनिवार )
स्थान– जिल्ला समन्वय समिति सप्तरीको सभा कक्ष
समय– बिहानको ११ बजे

संचालक समितिको आज्ञाले
ब्यबस्थापक
**व्यवस्थापक**
ज.ब.स.स.लि.

मास्क लगाउनुहोस्

मैले लगाएको मास्कले तपाईंको सुरक्षा गर्छ



तपाईंले लगाउनुभएको मास्कले मेरो सुरक्षा गर्छ

हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई बचाउन सक्छौं




अनुरोधकर्ता : बलान बिहुल गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

### प्रहरीले आचारण, व्यवहार र बोली सुधार्नु आवश्यक

नेपाल प्रहरीले 'मुस्कानसहितको प्रहरी सेवा' सुरु गरेको वर्षौ भइसकेको छ । 'मुस्कानसहितको प्रहरी सेवा' मात्रै होइन्, नेपाल प्रहरीले 'प्रहरी मेरो साथी' लगायतका नारा पनि नागरिकमैत्री बनाउन ल्याइएको हो । ती सबै नाराहरु नेपाल प्रहरी मातहतमै रहेको ट्राफिक प्रहरीले कागजमै सीमित राखेको छ। उनीहरुले जनतासँग गर्ने व्यवहार अहिले पनि व्यवहारिक हुन सकेको छैन् । प्रहरीलाई नागरिकमैत्री बनाउनका लागि दिइएको ती नाराहरुलाई मनन् गर्दै सर्वसाधारणप्रति उत्तरदायित्व बहन गर्नु पर्नेमा राजविराजमा ट्राफिक प्रहरीले मनपरी ढंगले दुःख दिने गरेको गुनासो बढ्न थालेको छ ।

विभिन्न स्थानमा ट्राफिक प्रहरीले गर्ने गरेको चेकजाचका क्रममा उनीहरुको बोलीका कारण जनतासँग अधिकांश बादविवाद हुने गरेको छ । उनीहरुले जनतासँग गर्ने गरेको व्यवहार अपरिपक्क छ । सप्तरीमा मात्र नभएर मुलुकको अन्य स्थानमा पनि ट्राफिक प्रहरीको व्यवहारप्रति जनता दुखित हुने गरेको छ। जसकारण ट्राफिक प्रहरी र जनताबीच झडप समेत भएको कुरा कसैसँग लुकेको छैन् ।

तसर्थ अहिले पनि नेपाल प्रहरी मातहातका सम्पूर्ण प्रहरी युनिटले आफ्नो आचारण, व्यवहार र बोली सुधार्नु आवश्यक रहेको छ । अनि मात्र प्रहरीले ल्याएका ती नाराहरु जनतासँग सार्थक सावित हुनेछ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# पाँच महिनामा वैदेशिक व्यापार ६३ प्रतिशतले वृद्धि

काठमाडौं, ८ पुस (रासस)।

चालू आर्थिक वर्षको पहिलो पाँच महिनामा मुलुकको वैदेशिक व्यापार ६३ दशमलव ५५ प्रतिशतले वृद्धि भएको छ। गत आवको सुरुको पाँच महिनामा रु पाँच खर्ब ७५ अर्ब रहेको मुलुकको वैदेशिक व्यापार चालू आवको सोही अवधिमा रु नौ खर्ब ४१ अर्ब पुगेको छ।

भन्सार विभागद्वारा बिहीबार यहाँ जारी पछिल्लो तथ्याङ्कानुसार गत आवका तुलनामा आयात ५९ दशमलव ५५ प्रतिशतले बढेको छ। गत आवको पहिलो पाँच महिनामा रु पाँच खर्ब २५ अर्ब मूल्य बराबरको आयात भएकामा चालू आवको मङ्सिर मसान्तसम्म रु आठ खर्ब ३८ अर्ब पुगेको छ। त्यस्तै गत आवको पहिलो पाँच महिनाका तुलनामा चालू आवको निर्यात १०५ दशमलव ६१ प्रतिशतले बढेको छ। गत आवको मङ्सिर मसान्तसम्म रु ५० अर्ब पाँच करोड बराबरको निर्यात भएकामा चालू आवको समीक्षा अवधिमा रु एक खर्ब दुई अर्ब बराबरको निर्यात भएको छ।

विभागकाअनुसार चालू आवको पहिलो पाँच महिनासम्मको अवधिमा वैदेशिक व्यापारमा वृद्धि भए तापनि मुलुकको व्यापार घाटा भने अघिल्लो आवको तुलनामा ५४ दशमलव ७ प्रतिशतले बढेर रु सात खर्ब ३५ अर्ब पुगेको छ। गत आवको पहिलो पाँच महिनामा व्यापार घाटा रु चार खर्ब ७५ अर्ब थियो।

मुलुकको कूल वैदेशिक व्यापारमा गत आवको पहिलो पाँच महिनासम्म आयातको हिस्सा ९१ दशमलव तीन प्रतिशत रहेकामा यस्तो हिस्सा दुई दशमलव ४५ प्रतिशतले घटेर चालू आवमा ८९ दशमलव ०७ प्रतिशतमा आएको छ।

त्यस्तै वैदेशिक व्यापारमा निर्यातको हिस्सा २५ दशमलव ७२ प्रतिशतले बढेर १० दशमलव ९३ प्रतिशत पुगेको छ। यस्तो हिस्सा अघिल्लो आवको पहिलो पाँच महिनामा आठ दशमलव सात प्रतिशत थियो।

चालू आवको पहिलो पाँच महिनामा मुलुकको वैदेशिक व्यापारमा प्रमुख हिस्सा ओगट्ने पेट्रोलियम पदार्थमध्ये सबैभन्दा बढी डिजेल आयात भएको विभागले जनाएको छ। चालू आवको मङ्सिर महिनासम्म रु ४९ अर्ब दुई करोड बराबरको डिजेल आयात भएको देखिन्छ।

त्यस्तै आयातमा भटमासको कच्चा तेल दोस्रामा छ। नेपालमा व्यवसायीले विभिन्न मुलुकबाट भटमासको कच्चा तेल आयात गरी प्रशोधन गरेर पुनःनिर्यात गर्दै आएका छन्। चालू आवको पहिलो पाँच महिनामा रु ३३ अर्ब ६६ करोड मूल्य बराबरको करिब ९८ करोड लिटरभन्दा बढी भटमासको तेल आयात भएको देखिन्छ। त्यस्तै पाम आयल रु २४ अर्ब ६१ करोड, पेट्रोल रु २४ अर्ब १० करोड र एलपी ग्यास रु २३ अर्ब ११ करोड तथा टेलिफोन रु २० अर्ब ३५ करोडको आयात भएको विभागले जनाएको छ।

त्यस्तै नेपालबाट निर्यात भएका वस्तुमध्ये भटमासको तेल सबैभन्दा धेरै देखिएको छ। विभागले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्कानुसार स्वदेशबाट रु ३० अर्ब ५५ करोड बराबरको भटमासको तेल निर्यात भएको छ। व्यवसायीले भटमासको कच्चा पदार्थलाई विभिन्न मुलुकबाट आयात गरी प्रशोधन गरेर निर्यात गर्ने गरेकाले यहाँको वैदेशिक व्यापारमा भटमासको तेलले योगदान गरेको देखिन्छ। सबैभन्दा बढी निर्यात हुने वस्तुमध्ये पाम तेल पनि एक हो। भटमासको तेत जस्तै पाम तेल पनि कच्चापदार्थ आयात गरी प्रशोधनपश्चात् निर्यात हुने गरेको छ। सार्वजनिक विवरणानुसार चालू आवको पहिलो पाँच महिनासम्म रु २७ अर्ब ४२ करोड मूल्य बराबरको पाम तेल निर्यात भएको छ।

त्यस्तै रु तीन अर्ब ७३ करोड बराबरको गलैंचा तथा रु दुई अर्ब ६५ करोड मूल्य बराबरका जुटका बुनिएका तथा अन्य कपडा निर्यात भएको विभागको तथ्याङ्क छ। सार्वजनिक तथ्याङ्कानुसार चालू आवको पहिलो पाँच महिनामा नेपालले भारतबाट करिब पाँच खर्ब तीन करोड मूल्य बराबरका वस्तु आयात गरेको देखिन्छ भने रु ८४ अर्ब १५ करोड मूल्य बराबरको वस्तु निर्यात गरेको छ।

सोअनुसार नेपालको व्यापार घाटा भारतसँग मात्रै रु चार खर्ब १५ अर्बभन्दा धेरै रहेको देखिन्छ। त्यस्तै नेपालले चीनबाट रु एक खर्ब २२ अर्ब मूल्य बराबरका वस्तु आयात गरेकामा रु ३८ करोड १६ लाख मूल्य बराबरको वस्तु निर्यात गरेको देखिन्छ।

विभागको विवरणानुसार सबैभन्दा धेरै वीरगञ्ज नाकाबाट रु दुई खर्ब ९० अर्बभन्दा बढी मूल्य बराबरको आयात भएको छ। त्यस्तै भैरहवा नाकाबाट रु एक खर्ब ३६ र त्रिभुवन विमानस्थल नाकाबाट रु एक खर्ब पाँच अर्बभन्दा बढी मूल्य बराबरका वस्तु आयात भएको देखिन्छ। नेपालले वीरगञ्ज भन्सारबाट रु ४९ अर्ब ४१ करोड, विराटनगर भन्सारबाट रु २८ अर्ब ५६ करोड तथा त्रिभुवन विमानस्थल नाकाबाट रु १४ अर्ब ४१ करोडभन्दा बढी मूल्य बराबरका वस्तु विदेश निर्यात गरेको छ।

**खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध**

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा राष्ट्र बैंक केन्द्रित

काठमाडौँ, ८ पुस (रासस)।

नेपाल राष्ट्र बैंकले तरलता समस्या सम्बोधन गर्न तथा शोधनान्तर घाटा घटाउन क्रियाशील भएर लागेको बताउँदै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनलाई नै केन्द्रमा राखेर काम गरिरहेको स्पष्ट गरेको छ।

आर्थिक पत्रकारहरूसँग केन्द्रीय बैंकले राजधानीमा बुधबार आयोजना गरेको छलफलमा गभर्नर महाप्रसाद अधिकारीले चालु आर्थिक वर्षको पुस ५ गतेसम्म स्थायी तरलता सुविधामार्फत रु दुई हजार ५०० अर्ब, ओभरनाइट रिपोबाट रु ६९ अर्ब, रिपोमार्फत रु २२० अर्ब र सोझै खरिद गरेर रु २७ अर्ब प्रवाह भएको जानकारी दिनुभयो।

"विसं २०७९ असारसम्म कर्जा निक्षेप अनुपात ९० प्रतिशत राख्नुपर्ने व्यवस्था गरिएको छ भने चालु आवमा बुधबारसम्म पुनर्कर्जा सुविधा रु ९२ अर्ब स्वीकृत भइसकेको छ", सरकारले स्थानीय तहको निक्षेपको ८० प्रतिशत बैंकहरूले निक्षेपका रूपमा गणना गर्न पाउने व्यवस्था गरेको तथा ब्याजदर केही बढेकाले निक्षेप सङ्कलनमा वृद्धि भई अनावश्यक कर्जाको मागमा कमी आउने बताउँदै उहाँले भन्नुभयो।

शोधनान्तर घाटा घटाउन चाँदी आयातका निम्ति विदेशीमुद्रा उपलब्धताको सीमा तोकिएको, वैदेशिक रोजगारीमा रहेकाहरूलाई बैंकको खातामा एक प्रतिशत थप ब्याज दिइएको, केही वस्तुको आयातमा शतप्रतिशत नगद 'मार्जिन'को व्यवस्था गरिएको जानकारी गभर्नर अधिकारीले दिनुभयो।

गैरआवासीय नेपाली उनीहरू सम्बद्ध संस्थाहरूले विदेशीमुद्रामा बचत तथा मुद्दती खाता खोल्न पाउने प्रबन्ध, वैदेशिक रोजगारीमा जाने कामदारलाई सटही गर्न पाउने नगद विदेशीमुद्रामा कटौती, अवैधरूपमा भइरहेको सुनको आयात नियन्त्रण, 'ननडेलिभरेवल डेरिभेटिभ फरवार्ड'को विदेशमा राख्नसक्ने सीमा घटाइएको तथा अन्तर्राष्ट्रिय मुद्राकोषसँग विस्तारित कर्जा सुविधा स्वीकृत हुने चरणमा रहेको उहाँले बताउनुभयो।

कोभिड-१९ सङ्क्रणबाट देश पूर्णरूपमा मुक्त भइनसकेको वर्तमान परिस्थितिमा पनि अर्थतन्त्र पुनरुत्थान उन्मुख भएको, पुनरुत्थानकै क्रममा आयात र कर्जा वृद्धिदर उच्च भएको, निर्यात बढे पनि आयातको मात्रा अति उच्च हुँदा तथा विप्रेषण आप्रवाह नबढ्दा चालु खाता घाटा र शोधनान्तर घाटाको स्थिति उत्पन्न भई विदेशी विनिमय सञ्चिति घट्दै गएको यथार्थ गभर्नरले प्रस्तुत गर्नुभयो।

"निक्षेपको वृद्धिदर कोभिड पूर्वको अवस्थामा रहे पनि कर्जाको वृद्धिदरभन्दा कम रहेकाले तरलता अभावको अवस्था आएको हो, निर्यात कमजोर र आयतामा निर्भरता बढिरहेको सन्दर्भमा तरलता समस्या नेपालको अर्थतन्त्रमा दोहोरिने गरेका छन्," राष्ट्रको वर्तमान आर्थिक अवस्थाको चिरफार गर्दै उहाँले भन्नुभयो।

# माओवादी राष्ट्रिय सम्मेलन : कुन प्रदेशबाट कति प्रतिनिधि ?

काठमाडौँ, ८ पुस (रासस)।

नेकपा (माओवादी केन्द्र)को प्रथम राष्ट्रिय सम्मेलनमा करिब एक हजार ५०० प्रतिनिधिको सहभागिता रहने भएको छ। आयोजक, सल्लाहकार, ज्येष्ठ कम्युनिष्ट, आयोग, विभाग तथा प्रदेशबाट एक हजार ५३३ प्रतिनिधिको सहभागिता हुने पार्टी प्रवक्ता कृष्णबहादुर महराले जानकारी दिनुभयो।

सम्मेलनमा आयोजक १७९, सल्लाहकार १४९, ज्येष्ठ कम्युनिष्ट १२५, आयोग ७५, केन्द्रीय विभाग १०२, केन्द्रीय प्रतिनिधि २७ र प्रदेश प्रतिनिधि ८०३ गरी कूल एक हजार ४६० को सहभागिता रहनेछ।

यसबाहेक जनयुद्धका घाइते, अपाङ्गता भएका व्यक्ति तथा पूर्वजनमुक्ति सेनाका तर्फबाट पाँच प्रतिशत अर्थात् ७३ जना मनोनीत गरिनेछ। सबैभन्दा धेरै बागमती प्रदेशबाट १२८ र कम प्रवास प्रदेश समितिबाट ३४ प्रतिनिधि सहभागी हुनेछन्।

प्रदेश नं २ बाट १०६, लुम्बिनीबाट १०५, प्रदेश नं १ बाट ९६, कर्णालीबाट ८७, सुदूरपश्चिमबाट ८४, गण्डकीबाट ७४, सम्पर्क समन्वय प्रदेशबाट ४३ र उपत्यका विशेष प्रदेशबाट ४२ प्रतिनिधि सहभागी हुने प्रवक्ता महराले जानकारी दिनुभयो।

माओवादीको राष्ट्रिय सम्मेलन यही पुस ११ देखि राजधानीको कमलादीस्थित नेपाल प्रज्ञा-प्रतिष्ठानमा हुँदैछ। राष्ट्रिय सम्मेलनको सम्पूर्ण तयारी पूरा भएको माओवादीले जनाएको छ। सम्मेलनमा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नयाँ क्रान्तिकारी विचार र पार्टी निर्माणका लागि राजीतिक वैचारिक प्रतिवेदन पेश गर्ने बताइएको छ।

# कारबाही फिर्ता गर्न माग

काठमाडौँ, ८ पुस (रासस)।

नेपाल क्रिकेट सङ्घ ( क्यान) का केही केन्द्रीय सदस्यले राष्ट्रिय टोलीका चार सदस्यीय खेलाडीमाथि गरिएको कारबाही फिर्ता गर्नुपर्ने माग गर्नुभएको छ। क्यानका केन्द्रीय कार्यसमितिका सदस्य छुम्बी लामा, ऋषिराम गौतम, अमितवीर पाण्डे, करण महतारा, मोहम्मद दाउत अन्सारी र सञ्जयराज सिंह गरी ६ जनाले बुधबार पत्रकार सम्मेलन गर्दै खेलाडीमाथि गरिएको कारबाही फिर्ता गर्नुपर्ने माग गर्नुभएको हो।

क्यानको अनुशासन उल्लङ्घनसम्बन्धी गठन गरेको छानबिन समितिले सिफारिस गरे बमोजिम खेलाडी आचार संहिता उल्लङ्घन गरेको भन्दै क्यानले गत मङ्सिर २९ गते अनुशासनको कारण देखाउँदै ज्ञानेन्द्र मल्ललाई कप्तान र दीपेन्द्र सिंह ऐरीलाई उपकप्तान पदबाट पदमुक्त गरेको थियो।

मल्ल र ऐरीसहित सोमपाल कामी र कमल सिंह ऐरीलाई सन् २०२२ को केन्द्रीय सम्झौतामा सुरुको ६ महिना सहभागी नगराउने निर्णय गरेको थियो। पत्रकार सम्मेलनमा क्यानका केन्द्रीय सदस्य छुम्बी लामाले खेलाडीमाथि नियोजित तरिकाले कारबाही गरेको भन्दै कारबाही फिर्ता गर्नुपर्ने बताउनुभयो। खेलाडीले वर्गीकरणमा असहमति जनाएपछि उनीहरूसँग सम्वाद गरेर विवाद सल्टाउनुपर्नेमा झन् निहुँ खोजेर कारबाही गरिएको क्यान सदस्यले विज्ञप्तिमा उल्लेख गर्नुभएको छ।




राजगढ गाउँ कार्यपालिकाको कार्यालय
सप्तरी


# विश्व समाचार

## स्वास्थ्य राम्रै रहे अर्को पटक पनि राष्ट्रपतिमा उठ्छु : राष्ट्रपति बाइडेन

वासिङ्टन, ८ पुस (रासस/सिन्ह्वा)।

अमेरिकी राष्ट्रपति जो बाइडेनले आफूलाई स्वास्थ्यले साथ दियो भने अर्थात् स्वास्थ्य अवस्था राम्रै रह्यो भने अब हुने अर्को राष्ट्रपतिको निर्वाचनमा पनि आफू निर्वाचनमा लड्ने बताउनुभएको छ। अमेरिकामा हरेक चार वर्षमा हुने राष्ट्रपतीय निर्वाचन आगामी सन् २०२४ मा हुन्छ। सो समयसम्ममा आफ्नो स्वास्थ्य अवस्था ठीक रहेका खण्डमा आफू पुनः राष्ट्रपतिमा उठ्ने उहाँले बताउनुभएको हो।

बुधबार एबिसी वर्ल्ड न्यूजसँगको अन्तर्वार्तामा उहाँले सो कुरा बताउनुभएको हो। उहाँलाई सो अन्तर्वार्ताका क्रममा अर्को निर्वाचनमा राष्ट्रपति पदमा पुनः उठ्नुहुन्छ भनी सोधेको प्रश्नमा उहाँले सो जवाफ दिनुभएको हो। सो क्रममा उहाँले भन्नुभएको थियो, "हेर्नुस् म अहिलेजस्तै स्वस्थ भएँ र मलाई अबको चार वर्षपछि पनि म अहिलेजस्तै अवस्थामा आफूलाई पाएँ भने त्यो निर्वाचनमा पनि म अवश्य उठ्छु।"

## बेलायतमा एकै दिन कोरोना भाइरसका एक लाखभन्दा बढी संक्रमित

लन्डन, ८ पुस (रासस/सिन्ह्वा)।

बेलायतमा एकै दिन अहिलेसम्मकै सबैभन्दा बढी सङ्क्रमित पाइएका छन्। यहाँका अधिकारीहरूले दिएको जानकारीअनुसार बुधबार मात्र एक लाख छ हजार जनाभन्दा बढी सङ्क्रमित भेटिएका हुन्। यसअघि यहाँ एकै दिनमा ९६ हजार जना जतिमा यो भाइरसका सङ्क्रमित भेटिएका थिए। यहाँ कोरोना भाइरसको सङ्क्रमण सुरु भएदेखि नै एकै दिनमा देखिएको यो सबैभन्दा बढी सङ्क्रमित सङ्ख्या हो।

बेलायतमा पछिल्ला केही हप्ताहरूमा कोरोना भाइरसको प्रकोप बढ्दै गएको देखिएको छ। हरेक दिनजसो सबैभन्दा धेरै सङ्क्रमितहरू देखिन थालेका छन्। यहाँका अधिकारीहरूले प्रकोप सुरू भएयताकै सबैभन्दा धेरै सङ्क्रमित बढेका बताइरहेका छन्। यहाँ केही समययता हरेक दिन कोभिडको घातक मानिएको ओमिक्रोन भेरियन्ट पनि बढ्दो देखिएको छ। यसकारण यहाँका कतिपय कार्यक्रमहरूमा पनि प्रतिबन्ध लगाउन सुरु गरिएको छ।

यहाँ अहिलेसम्म एक करोड १६ लाखभन्दा बढी सङ्क्रमित पुगेका छन्। त्यसैगरी बेलायतमा यो सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ४७ हजारभन्दा बढी पुगेको बताइएको छ। पछिल्ला हप्ताहरूमा सङ्क्रमणको तुलनामा मृत्युदरमा भने उल्लेख्यरूपमा कमी आएको देखिएको बताइएको छ।

## अफगानिस्तानमा मानवीय अवस्था गम्भीर छ

मस्को (रुस), ८ पुस (रासस/एएनआई)।

अफगानिस्तानमा मानवीय अवस्था अझै गम्भीर रहेको रसियाली विदेश मन्त्रालयका मानवअधिकार आयुक्त ग्रिगोरी लुक्यान्त्सेभकाले बताउनुभएको छ। आर्थिक सहायताको प्रावधानमा समस्याहरू रहेका पनि उहाँ स्थानीय सञ्चारमाध्यमलाई बताउनुभएको छ।

अफगानिस्तानको अवस्था कसरी विकास हुनेछ भन्न गाह्रो भएको उहाँले बताउनुभएको छ। सबैले अफगानिस्तानमा नयाँ अधिकारीहरूको कार्यलाई हेरिरहेका तर उनी└ हरूले आफ्नो आधिकारिक अन्तर्राष्ट्रिय मान्यताअनुसार कार्य गर्न कुनै हतार नगरेका पनि उहाँले बताउनुभएको छ।

त्यहाँको मानवीय अवस्था एकदमै गम्भीर रहेको र आर्थिक सहयोग व्यवस्थामा समस्या भएको लुक्यान्त्सेभलाई उद्धृत गर्दै स्पुतनिकले जनाएको छ। यसबाट आप्रवासी समस्या बढ्ने कुरा बिर्सिन नहुने पनि उहाँले चेतवनी दिनुभएको छ।

## यमनमा खाद्य संकट गहिरिँदै

न्यूयोर्क (अमेरिका), ८ पुस (रासस-एएनआई)।

संयुक्त राष्ट्रसङ्घ खाद्य राहत एजेन्सीले बुधबार १३ मिलियन यमनीहरूलाई प्रदान गरिरहेको खाद्य सहायतालाई निरन्तरता दिन कोष सकिन लागेको जनाएको छ।

मध्य पूर्व र उत्तरका लागि विश्व खाद्य कार्यक्रमका क्षेत्रीय निर्देशक कोरिन फ्लिसरले सो कुरा बताउनुभएको हो। यमनका परिवारहरू जो बाँच्नका लागि विश्व खाद्य कार्यक्रमको खाद्य सहायतामा निर्भर छन्। यमनमा खाद्य सङ्कट गहिरिँदै गर्दा तिनीहरूका लागि सबैभन्दा खराब समय आउँदै गरेको टिप्पणी भइरहेको छ।

जनवरीदेखि यमनमा ठूलो सङ्ख्यामा जनताहरू खाद्य सङ्कटमा फसेका छन् र विश्व खाद्य कार्यक्रमको सहयोगको तीव्र र निरन्तर पर्खाइमा छन्। यसका पछाडि मुद्राको अवमूल्यन र उच्च मुद्रास्फीति मुख्य कारण रहेको बताइएको छ। विगत तीन महिनादेखि यहाँका प्रायः सबै परिवारमा यसको प्रत्यक्ष असर देखिएको छ।

"यमनी जनता अहिले पहिलेभन्दा धेरै कमजोर छन्, निरन्तर द्वन्द्व र गहिरो आर्थिक सङ्कटले लाखौँलाई विपन्नतामा धकेलिरहेको छ", फ्लिसरले टिप्पणी गरेका छन्।

# माओवादीको अगुवा कार्यकर्ता भेटघाट तथा छलफल कार्यक्रम सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, ८ पुस ।**

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) सप्तरीका ईन्चार्ज अशोक कुमार मंडलको अध्यक्षतामा बिहीबार जिल्ला अगुवा कार्यकर्ता भेटघाट तथा छलफल कार्यक्रम सम्पन्न भएको छ ।

ईन्चार्ज मंडलले जिल्लामा पार्टी बनाउने र विगार्ने विच लडाई रहेको बताउँदै उनले नेता उमेश यादवका कारण जिल्लामा पार्टी लथालिङ्ग बनेको आरोप समेत लगाए ।

सो अवसरमा प्रदेश सदस्यद्वय महेश प्रसाद यादव, अरुण कुमार साह, राजविराज नपाका अध्यक्ष रामगमन साह, शम्भुनाथ नपाका अध्यक्ष गणपति साह, तिलाठीकोइलाडी गापाका संजय सिंह, सप्तकोशी नपाका भरत पौडेल, छिन्नमस्ता गापाका अध्यक्ष जय प्रकाश यादव, विष्णुपुर गापाका अध्यक्ष राम कुमार राय, बोदेवर्साइन नपाका अध्यक्ष राम प्रसाद राम, बलानविहुल गापाका अध्यक्ष महेनद्र यादव, हनुमाननगरकंकालिनी नपाका अध्यक्ष राहुल मण्डल, रुपनी गापाका अध्यक्ष सिंहेशवर साह, सुरुङ्गा नपाका उपेन्द्र पासवान लगायतले जिल्लामा देखिएको वेतिथीको वारेमा आ-आफनो धारणा राखेको थियो ।

# पाँच महिनामा ८८ अर्ब राजस्व संकलन

वीरगञ्ज, ८ पुस (रासस) ।

देशकै मुख्य व्यापारी नाका वीरगञ्जबाट आयात तथा निर्यात बढेसँगै भन्सार कार्यालयको राजस्व सङ्कलनमा उलेख्य सुधार भएको छ । गत आर्थिक वर्षको पहिलो पाँच महिनाको तुलनामा चालू आवको पहिलो पाँच महिनामा यस कार्यालयले ५२ प्रतिशत भन्दाबढी राजस्व सङ्कलन गर्न सफल भएको हो ।

आर्थिक वर्ष २०७७/७८को साउनदेखि मङ्सिर मसान्त सम्मको पाँच महिनामा रु ५८ अर्ब १५ करोड ९९ लाख राजस्व सङ्कलन गरिएकामा चालू आवको सोही अवधिमा रु ३० अर्ब ५३ करोड ९२ लाख बढी अर्थात ८८ अर्ब ६९ करोड ९२ लाख राजश्व सङ्कलन भएको छ । यो गत आवको तुलनामा ५२दशमलव५० प्रतिशत बढी हो ।

विभागलले चालू आवको साउनदेखि मङ्सिर मसान्तसम्मको अवधिमा रु ८२ अर्ब ६१ करोड २५ लाख राजस्व सङ्कलनको लक्ष्य लिएकामा कार्यालयले लक्ष्यभन्दा रू छ अर्ब आठ करोड ६६ लाख बढी राजस्व सङ्कलन गर्न सफल भएको सूचना अधिकारी सुमित गुप्ताले जानकारी दिनुभयो ।

उहाँले देशकै प्रमुख व्यपारिक नाका वीरगञ्जलाई प्रयोग गरी सवारी साधन, इन्धन, औद्योगिक कच्चापदार्थलागयत वस्तुको आयात बढेकाले राजस्व सङ्कलनमा सुधार देखिएको बताउनुभयो ।

गत आर्थिक वर्षको पहिलो पाँच महिनामा रु ५४ अर्ब ७३ करोड ५७ लाख राजस्व सङ्कलनको लक्ष्य रहेकामा कार्यालयले लक्ष्यभन्दा रु तीन अर्ब ४२ करोड ४१ लाख बढी राजस्व सङ्कलन गरेको थियो ।

नेपालका लागि हुने इन्धन आयातबाट सङ्कलित राजस्वमा ३५ प्रतिशत र सवारीसाधन आयातबाट २५ प्रतिशत राजस्व वृद्धि भएको कार्यालयले जनाएको छ ।

# नेपालमा थप एक जनामा 'ओमिक्रोन' भेरियन्ट पुष्टि

काठमाडौं, ८ पुस (रासस) ।

नेपालमा थप एक जनामा कोरोना भाइरसको 'ओमिक्रोन' भेरियन्टको सङ्क्रमण पुष्टि भएको छ । नियमित जिन सिक्वेन्सिङका क्रममा बुधबार एक जनामा ओमिक्रोन र २२ जनामा डेल्टा भेरियन्ट पुष्टि भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।

ओमिक्रोन पुष्टि भएका ९८ वर्षीय वृद्ध आफ्नै घरमा आइसोलेसनमा रहेको मन्त्रालयका प्रवक्ता डा सङ्गीता कौशल मिश्रले जानकारी दिनुभयो । यसअघि नेपालमा एक जनामा यो भेरियन्ट पुष्टि भएको थियो ।

गत २४ घण्टामा कूल सात हजार २३३ नमूनाको पीसीआर परीक्षण गर्दा २१७ जना सङ्क्रमित भएका पाइएको छ । चार हजार ४३ जनाको एन्टिजीन परीक्षण गर्दा १९ जनामा सङ्क्रमण पुष्टि भएको पनि मन्त्रालयले जनाएको छ ।

त्यसैगरी पछिल्ला २४ घण्टामा २७२ जना सङ्क्रमणमुक्त भएका छन् । कोरोना भाइरसको सङ्क्रमणबाट दुई जनाको मृत्यु भएको छ । चार हजार ९४८ होम आइसोलेसन र संस्थागत २३७ गरी पाँच हजार १८५ जना आइसोलेसनमा रहेका बताइएको छ ।

# तीनै तहको निर्वाचन आवश्यक : अध्यक्ष ओली

वीरगञ्ज, ८ पुस (रासस) ।

पूर्वप्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले अब तत्कालै सरकारले तीन तहको निर्वाचन घोषणा गर्नुपर्ने बताउनुभएको छ ।

नेकपा (एमाले) को जिल्ला समिति पर्साले बिहीबार जगरनाथपुरमा आयोजना गरेको पार्टी प्रवेश कार्यक्रममा अध्यक्ष ओलीले वर्तमान सरकारले तत्कालै तीनै तहको निर्वाचन गरी मुलुकलाई निकास दिनुपर्ने औँल्याउनुभयो ।

उहाँले कृषिको आधुनिकीकरण र विद्युतीकरणको विकासले मात्र मुलुकको समृद्धि तथा विकास सम्भव भएकाले यसका लागि सरकारको ध्यान केन्द्रित हुनुपर्ने जिकिर गर्नुभयो । उहाँले सामाजिक सुरक्षादेखि जनताको जीवनस्तर उकास्नका लागि नेकपा (एमाले) ले विगतमा विभिन्न कार्य गरेको दावी गर्नुभयो ।

अध्यक्ष ओलीलाई पर्सामा आयोजित एक कार्यक्रममा १ सय ५१ किलोको माला लगाएर स्वागत गरिएको छ । नेकपा (एमाले) को जिल्ला समिति पर्साले जगरनाथपुरमा आयोजना गरेको पार्टी प्रवेश कार्यक्रममा पार्टी कार्यकर्ताले उहाँलाई १ सय ५१ किलोको माला लगाइएर स्वागत गरेका थिए ।

जगरनाथपुर गाउँपालिकामा राखिएको पार्टी प्रवेश कार्यक्रमका लागि ओली पर्सा आउनुभएको हो । सो क्रममा ओलीले जगरनाथपुर गाउँपालिकाका अध्यक्ष जालिम मियालगायतका सयौँ नेताकार्यकर्तालाई नेकपा (एमाले) मा प्रवेश गराई स्वागत गर्नुभएको थियो । मिया नेकपा माओवादी केन्द्रबाट २०७४ सालको स्थानीय तहको निर्वाचनमा गाउँपालिका अध्यक्षमा निर्वाचित हुनुभएको थियो ।

# प्राविधिकतर्फका दुई एसएसपीलाई डिआइजीमा बढुवा गर्न सिफारिस

काठमाडौं, ८ पुस (रासस) ।

नेपाल प्रहरीले प्राविधिक प्रहरी समूहतर्फ दुई प्राविधिक प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) लाई प्रहरी नायब महानिरीक्षक (डिआईजी) मा बढुवा गर्न सिफारिस गरेको छ ।

प्रहरीको बढुवा समितिको बुधबार बसेको बैठकले नेपाल प्रहरीमा प्राविधिक समूह, स्वास्थ्य उपसमूहमा एसएसपीद्वय डा सञ्जयविक्रम श्रेष्ठ र डा गोपेशकुमार ठाकुरलाई डिआइजी पदमा बढुवा गर्ने सिफारिस गरेको हो ।

डा श्रेष्ठ र ठाकुरलाई प्रहरी नियमावली, २०७१ (संशोधनसहित) को नियम २७ को उपनियम (४) अनुसार बढुवाका लागि सिफारिस गरिएको बढुवा समितिका सदस्य सचिव प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) विश्वराज पोखरेलले जानकारी दिनुभयो ।

# शिक्षक आयोगको विज्ञापन खारेज गर्न प्रभु साहको माग

**दैनिक समाचारदाता**
**काठमाडौं, ८ पुस ।**

नेकपा एमालेका स्थायी कमिटी सदस्य प्रभु साहले शिक्षक सेवा आयोगले प्रकाशन गरेको विज्ञापन खारेज गर्न माग गरेका छन् ।

शिक्षक सेवा आयोगले निम्न माध्यमिक शिक्षकका लागि खुलाइएको विज्ञापन अस्वाभाविक, अदूरदर्शी, अवैज्ञानिक एवं पक्षपातपूर्ण रहेको दाबी गर्दै नेता साहले त्यसलाई संशोधन या खारेज गर्न माग गरेका हुन् ।

उनले आफ्नो फेसबुकमार्फत भनेका छन्, 'प्रदेश २ मा रहेको धेरै जनसंख्या, उच्च जनघनत्व र बढ्दो विद्यार्थी चापलाई समेत नजरअन्दाज गर्दै शिक्षक सेवा आयोगले निकालेको विज्ञापनमा सबैभन्दा कम सिटरपद संख्या प्रदेश २ लाई उपलब्ध गराइएको यस बदनियतपूर्ण कार्यलाई कुनै पनि हिसाबले सामान्यरस्वाभाविक मान्न सकिँदैन ।' निमावि तहमा दुई हजार ५९८ शिक्षकका लागि विज्ञापन खुल्ला गरेको छ ।

# त्रिविले कर्मचारीलाई दियो चेतावनी

**दैनिक समाचारदाता**
**काठमाडौं, ८ पुस ।**

त्रिभुवन विश्वविद्यालयको कर्मचारी प्रकाशन महाशाखाले शिक्षक र कर्मचारीलाई राजनीतिक दलको चुनावमा भाग लिए कारबाही गर्ने चेतावनी दिएको छ ।

त्रिभुवन विश्वविद्यालयको कर्मचारी प्रकाशन महाशाखाले विश्वविद्यालयका कर्मचारी तथा शिक्षकहरू राजनीतिक दलका महाधिवेशन र विधान अधिवेशनमा भाग लिएका समाचार आएको भन्दै विभागीय कारबाहीको चेतावनी दिएको हो ।

महाशाखाले विश्वविद्यालयको शिक्षक कर्मचारी सेवासम्बन्धी नियम २०५० को नियम ६७ मा राजनैतिक निर्वाचनमा उम्मेदवार व्यवस्था भएको स्मरण गराउँदै त्यसो गरेको पाइएमा कारबाही गर्ने चेतावनी दिएको हो ।







**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*